CIM Newsletter

Issue 37, Paush 2082

भन्सार ऐन २०८२ विशेष

021-515712 Sahid Marg, Biratnagar-02
cim.biratnagar@gmail.com

हाम्रो भनाइ

उद्योग संगठन मोरङको प्रतिनिधि मण्डलले अर्थमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री र श्रम मन्त्रीसँग काठमाडौंमा यही पुस १ गते भेटघाट र छलफल गरेको छ ।

छलफलमा संगठनका तर्फबाट उद्योग-व्यवसाय क्षेत्रका समसामयिक समस्या जानकारी गराउँदै समाधानका सुझाव पनि प्रस्तुत गरिएको थियो । संघीय राजधानीमा भएका यी बैठकले संगठन आफ्नो संस्थागत दायित्वमा मात्र नभई मुलुकको आर्थिक भविष्यप्रति पनि जिम्मेवार र गम्भीर भएको पुष्टि हुन्छ । प्रतिनिधि मण्डलले निजी क्षेत्रले आर्थिक, औद्योगिक र सामाजिक विकासमा दिँदै आएको योगदानलाई पछिल्ला वर्षमा नीतिगत अन्योल, प्रक्रियागत जटिलता, ऊर्जा आपूर्तिको अनिश्चितता, कमजोर पूर्वाधारजस्ता कारणले धराशायी बनाउँदै लगेकोतर्फ विशेष ध्यानाकर्षणसहित सुझावहरू प्रस्तुत गरेको थियो ।

सुझावमा सुख्खा मौसममा विद्युत् आपूर्तिको सुनिश्चितता, विराटनगर आईसीपीसम्म रेल्वे कार्गो सेवा नियमित सञ्चालनका लागि शुल्क परिमार्जन, मोरङ-कटहरी खण्डको हुलाकी सडकको अविलम्ब निर्माण, सार्वजनिक निकायमा स्वदेशी उत्पादनको प्रयोग, निर्यातमा नगद अनुदानको निरन्तरता र पुँजीगत खर्चको वृद्धि लगायतका विषय कार्यान्वयनका लागि आग्रह गरिएको छ । त्यसैगरी नयाँ भन्सार ऐन २०८२ का दीर्घकालीन नकारात्मक प्रभाव पार्नसक्ने प्रावधान संशोधन र कर, भ्याट, दर्ता-नवीकरण तथा बन्डेड वेयर हाउससम्बन्धी प्रक्रियागत जटिलताको सरलीकरण जस्ता एजेन्डा पनि सुझावमा परेका छन् ।

छलफलमा संगठनले उद्योगी-व्यवसायीलाई सेवाग्राहीका रूपमा नभई साझेदारका रूपमा हेर्ने दृष्टिकोण विकास गर्दै आर्थिक पुनरूत्थानका लागि सरकारलाई अभिभावकको भूमिका निर्वाह गर्न समेत अनुरोध गरेको छ ।

संगठनका अध्यक्ष नन्दकिशोर राठीका नेतृत्वको प्रतिनिधि मण्डलले पेश गरेको सुझावलाई अर्थ, उद्योग वाणिज्य तथा आपूर्ति र श्रम मन्त्रीहरूले सकारात्मक रूपमा लिएको बताउनु भएको छ ।

उहाँहरूले केही कार्य तत्काले प्रारम्भ गर्ने र नीतिगत विषय आगामी सरकारका लागि नोटका रूपमा राख्ने प्रतिबद्धता जनाउनु भएको छ । निश्चय पनि यो स्वागतयोग्य छ । तर यो प्रतिबद्धता सधैंको परम्परा झैं कागजमै सीमित हुने त होइन भन्ने संशय पनि यथावत् छ ।

त्यसैले आफ्ना सुझाव कार्यान्वयनमा ल्याउन र निजी क्षेत्रको खस्केको मनोबल उकास्न संगठन सतत क्रियाशील र गतिशील भइरहने छ । सरकारका तर्फबाट पनि स्थिर नीति, सरल प्रक्रिया र भरोसायुक्त शासनको प्रत्याभूति हुनुपर्दछ । अनि निजी क्षेत्रसितको संवादलाई निरन्तरता दिँदै परिणाममुखी बनाउने तथा अर्थतन्त्रलाई पुनः गतिशील लयमा फर्काउने दिशामा ठोस कदम चाल्न आलस्य गर्नु हुँदैन ।

देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८२-८३ को पहिलो ३ महिनाको तथ्याङ्कमा आधारित

१८.७ प्रतिशतले
आयातवृद्धि ।

७७.५ प्रतिशतले
निर्यातवृद्धि ।

१.११ प्रतिशत
प्रतिशत- उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ।

रू. ३१८ अर्ब ४० करोड
वचत- शोधनान्तर स्थिति ।

रू. २१ अर्ब ५२ करोड
अमेरिकी डलर सञ्चिति (कुल विदेशी विनिमय) ।

१३.४ प्रतिशत
वृद्धि- वार्षिक विन्दुगत आधारमा बैङ्क तथ वित्तीय संस्थाको निक्षेप-सङ्कलन ।

६.९ प्रतिशतले
वृद्धि, वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमा प्रवाहित कर्जा ।

३१.४ प्रतिशतले
विप्रेषण आप्रवाहवृद्धि (नेपाली रूपैयाँमा) ।

श्रोतः नेपाल राष्ट्र बैंक

Foreign Trade Direction

Based on First Five Months (Shrawan-Mangsir) of FY 2082/83



Top 10 Exports by Chapter

Based on First Five Months (Shrawan-Mangsir) of FY 2082/83

(figures are in Rs. Thousands)



Imports by Chapter

Based on First Five Months (Shrawan-Mangsir) of FY 2082/83

(figures are in Rs. Thousands)



Trade Balance by Partner Countries

Based on First Five Months (Shrawan-Mangsir) of FY 2082/83

(figures are in Rs. Thousands)



Imports and Exports by Customs Offices

Based on First Five Months (Shrawan-Mangsir) of FY 2082/83

(figures are in Rs. Thousands)



नयाँ भन्सार ऐन कार्यान्वयनमा, दण्डसजाय बढी भएको व्यवसायीको प्रतिक्रिया

भन्सार क्षेत्रमा जाँचपासका लागि परम्परागत रूपमा ३ वटा लेन रहँदै आएका थिए । गत मङसिर २० देखि ३ वटा लेनका ठाउँमा ४ वटा लेनको कानुनी व्यवस्था भएको छ ।

मङसिर २० देखि कार्यान्वयनमा आएको भन्सार ऐन-२०८२ ले ३ वटा लेनका सट्टा ४ वटाको व्यवस्था गरेको हो । ऐनमा नै प्रमाणीकरण भएका मितिले ९१औं दिनदेखि कार्यान्वयनमा आउने उल्लेख भएअनुसार मङसिर २० देखि नयाँ ऐन कार्यान्वयनमा आएको हो ।

यसअघिको ऐनले भन्सार क्षेत्रमा ग्रिन, रेड र येल्लो लेनको मात्र व्यवस्था गरेको थियो । अब ब्लु लेन पनि थपिएको छ ।

ग्रिन लेनअन्तर्गत नियमित, विश्वासिला र साख भएका व्यवसायीले आयात गरेको वस्तुको भौतिक र कागजी दुबै परीक्षण नगराई सिधै जाँचपास गर्ने गरिन्छ ।

त्यस्तै येल्लो लेनबाट जाँचपास गर्दा कागजातको मात्र जाँच गरिन्छ भने रेड लेनमा कागजात र वस्तु दुबैको जाँच गरिन्छ ।

नयाँ ऐनले थपेको ब्लु लेन लगभग ग्रिन लेनजस्तै छ । तर ग्रिन लेनबाट जाँचपास भएको वस्तुलाई जाँचपास भइसकेपछि पिसिए (भन्सार जाँचपास परीक्षण कार्यालय)ले चेकजाँच नगर्न पनि सक्छ ।

भन्सारविन्दुबाट ब्लु लेनअन्तर्गत जाँचपास हुँदा कागजात र वस्तु दुबैको चेकजाँच हुँदैन तर जाँचपास भइसकेपछि पिसिएले अनिवार्य रूपमा परीक्षण गर्नेछ ।

नयाँ ऐनमा दण्डसजायका व्यवस्थामा पनि हेरफेर गरिएका छन् । यसअघिको ऐनमा वस्तुको घोषणा न्यून परिमाणमा भएमा लाग्ने महसुलको ५० प्रतिशतको जरिबानाको प्रावधान थियो । यसलाई १ सय प्रतिशत गरिएको छ ।

नयाँ ऐनले जारी गरेको नयाँ व्यवस्थाअनुसार अब राजस्वमा हानि पुर्‍याउने उद्देश्यले जालसाजी, किर्ते वा नक्कली कागजात पेश गरेमा हानिको २ सय प्रतिशत जरिबाना वा छ महिनादेखि १ वर्षसम्म कैद वा दुबै हुने छ ।

त्यस्तै वस्तुको मूल्य कम देखाउन जालसाजी, किर्ते वा नक्कली बीजक पेश गरेमा वस्तु जफत गरी लाग्ने महसुलको २ सय प्रतिशत जरिबाना गर्ने प्रावधान थप भएको छ ।

नयाँ ऐनले कार्यालय प्रमुखको लिखित आदेशबिना कम्प्युटर प्रणाली/तथ्यांकलाई परिवर्तन गरे, मेटाए, हटाए वा अनधिकृत पहुँच स्थापित गरे १ वर्षसम्म कैद र ५ लाखसम्म जरिबाना गर्ने नयाँ सजाय थपेको छ । साथै यस कसुरमा महसुल छलेको भए हानि पुर्‍याएको महसुलको ५ गुणा असुल गरिने व्यवस्था गरिएको छ ।

आयातकर्ताले महसुल छुट वा सुविधामा ल्याएको वस्तु उद्देश्यविपरीत प्रयोग वा विक्री गरेमा लाग्ने महसुल असुल गरी २ सय प्रतिशत जरिबाना गर्ने प्रावधान पनि नयाँ ऐनमा नयाँ व्यवस्थाका रूपमा आएको छ ।

अर्को नयाँ व्यवस्था अनुसार भन्सार कर्मचारीको अधिकार प्रयोगमा काममा जानिजानी वाधा पुर्‍याएमा सरकारी कर्मचारी भए १० देखि ५० हजारसम्म जरिबाना वा १ वर्षसम्म कैद वा दुबै सजाय गरिनेछ । यही कसुर अन्य व्यक्तिले गरे १० देखि ५० हजारसम्म जरिबाना वा ६ महिना कैद वा दुबै हुनेछ ।

नयाँ ऐनले कसुर गर्न मद्दत वा दुरूत्साहन गर्नेलाई पनि कसुरदार सरहकै दण्डसजाय गरिने व्यवस्था गरेको छ ।

यसअघिको ऐनका दण्डसजायले निर्याततर्फको कसुरलाई खासै समेटेको थिएन । नयाँ ऐनले निर्यातमा हुने गरेका कसुरका दायरा र परिभाषा पनि बढाएको छ । जसअनुसार निर्यात गर्दा वास्तविक परिमाणभन्दा बढी उल्लेख गरेमा बढी घोषणा गरिएको वस्तुको २ सय प्रतिशत जरिबाना गरी वस्तु जाँचपास गरिनेछ ।

त्यस्तै निर्यात गरिने वस्तुको नाम, प्रकृति वा विशेषता फरक परेमा वस्तु जफत गरी घोषणाकर्तालाई वस्तुको मूल्यबराबर जरिबाना गर्ने नयाँ प्रावधान थपिएको छ ।

त्यस्तै भन्सार प्रमुखले कुनै व्यवसायीले आयात गरेको वस्तुको एक पटक वर्गीकरण गरिसकेपछि सोही व्यवसायीले सोही वस्तु अर्को वर्गीकरणमा आयात गरेमा त्यसलाई पनि कसुर ठहर्‍याँदै लाग्ने महसुलसहित शत प्रतिशत जरिबानासमेत गर्ने नयाँ व्यवस्था आएको छ ।

ऐनले गरेको अर्को नयाँ व्यवस्थामा विद्युतीय माध्यमबाट विवरण घोषणा गर्दा संलग्न गर्नुपर्ने कागजात फरक रूपमा संलग्न गरेमा सो घोषणाबमोजिम लाग्ने भन्सार महसुल र शतप्रतिशत जरिबाना असुल गरी जाँचपास गर्ने प्रावधान छ ।

नयाँ ऐनले आयात भएको वस्तु फिर्ता पठाउनु पर्ने व्यवस्थालाई लचिलो बनाएको छ । पुरानो ऐनमा यस्तो वस्तु महानिर्देशकको निर्णयले मात्र फिर्ता जान सक्थ्यो । नयाँ ऐनमा सम्बन्धित भन्सार प्रमुखलाई यस्तो अधिकार दिइएको छ ।

त्यस्तै पहिलेको ऐनमा यात्रुले ल्याउने निजी प्रयोगका वस्तु, उपहार र नमुनाका वस्तुको उल्लेख थिएन । नयाँ ऐनले यी वस्तुलाई कानुनी मान्यता दिएको छ ।

नयाँ ऐनले भन्सार जाँचपासका क्रममा कानुनको पूर्ण पालना गर्दै आएका र आन्तरिक व्यवसाय पनि सन्तोषजनक भएका व्यवसायीलाई एबीपी अर्थात् आधिकारिक व्यावसायिक व्यक्ति (अथोराइज्ड बिजनेस पर्सनका रूपमा सूचीकृत गर्ने व्यवस्था गरेको छ ।

यस्ता एबीपीले न्यूनतम कागजातका आधारमा पनि वस्तुको जाँचपास गरेर पछि पूर्ण विवरणसहितको घोषणा गर्न सक्नेछन् ।

त्यस्तै भन्सार कार्यालयले एबीपीकै परिसरमा गएर वस्तुको जाँचपास गर्ने र एबीपीले घोषणा गरेका वस्तुको भौतिक परीक्षण र जाँच प्रक्रियामा न्यूनीकरण गर्ने नयाँ प्रावधान पनि नयाँ ऐनले थपेको छ ।

किन चाहियो नयाँ ऐन ?

नेपाल विश्व व्यापार संगठन (डब्लुटिओ)-अन्तर्गतको व्यापार सहजीकरण सम्झौता र संशोधित क्योटो महासन्धिको पक्ष राष्ट्र हो । नेपालको तत्कालीन व्यवस्थापिका संसदले व्यापार सहजीकरण सम्झौताको संशोधन प्रस्तावलाई २०१७ मा पारित गरेको थियो ।

उक्त दुबै सम्झौताले प्रत्येक सदस्य राष्ट्रलाई २ प्रकारका दायित्वको सिर्जना गरेका थिए । पहिलो सामान्य र दोस्रो विशिष्ट तथा संक्रमणकालीन दायित्व । जसअनुसार डब्लुटिओका सदस्य राष्ट्रले सामान्य प्रावधान ३ वर्षभित्र र विशिष्ट प्रावधानलाई ५ वर्षभित्रमा कार्यान्वयनमा ल्याउनु पर्ने थियो । तीन वर्षको दायित्व अन्तर्गत नेपालले अनुपालन गर्ने २० वटा बुँदा थिए र सबै बुँदा भन्सार प्रक्रियासित सम्बन्धित थिए ।

भन्सार विभागका अनुसार यसअघि आएको भन्सार महसुल नियमावली र विभिन्न कार्यविधि तथा निर्देशिकामा उक्त २० बुँदामध्ये धेरै परेका छन् । नपरेका केही बुँदाहरू प्रत्येक वर्ष आर्थिक ऐनमा ल्याउने गरिएको थियो । यति गर्दा पनि धेरै बुँदा अनुपालनमा आउन सकेका थिएनन् र सबै बुँदालाई एकै अभिलेखमा समाविष्ट गर्नु आवश्यक थियो । त्यसैले यसअघि २०६४ मा भन्सार ऐन आए पनि नयाँ बनाउनु परेको हो ।

सम्झौताअनुसार उक्त विधेयक २०७६ सालमै तयार भएर प्रतिनिधिसभामा दर्ता भएको थियो ।

२०८२ मङसिर २० देखि कार्यान्वय भएको भन्सार ऐन-२०८२ का सम्बन्धमा उद्योग संगठन मोरङका तर्फबाट प्रस्तुत गरिएको सुझाव

दफा	ऐनमा भएको व्यवस्था	संशोधन गर्नुपर्ने
दफा २३. जोखिम विश्लेषणका आधारमा वस्तु जाँचपास गर्ने :	(१) वस्तु जाँच गर्दा विभागले राजस्व सुरक्षा, सामाजिक सुरक्षा, जनस्वास्थ्य, पर्यावरणीय सुरक्षा, वस्तुको प्रकृति र उत्पत्तिको मुलुक, चलान भएको मुलुक, निकासीकर्ता, पैठारीफिर्ता वा घोषणकर्ताको विश्वसनीयताका आधारमा सम्भावित जोखिमको विश्लेषण गरी त्यस्तो जोखिमको स्तरको आधारमा देहाय बमोजिम जाँचपास गर्ने गरी कम्प्युटर प्रणालीको व्यवस्था गर्न सक्नेछ : (क) वस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने, (ख) वस्तु जाँच नगरी तत्सम्बन्धी कागजात मात्र जाँच गरी जाँचपास गर्ने, (ग) वस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच नगरी जाँचपासपछि परीक्षण गर्ने गरी घोषणाका आधारमा मात्र जाँचपास गर्ने, (घ) सम्पूर्ण वस्तु तथा तत्सम्बन्धी कागजात समेत जाँच गरेर मात्र जाँचपास गर्ने ।	वस्तु तथा तत्सम्बन्धी कागजात घोषणाका आधारमा मात्र जाँचपास गर्ने प्रावधानले पछि समस्या पर्ने भएकाले स्वचालित प्रणालीबाट नभई यो व्यवस्थालाई ऐच्छिक बनाइनु पर्दछ ।
	(२) उपदफा (१) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिम जाँचपास हुने वस्तुका लागि विभागले कम्प्युटर प्रणालीमा क्रमशः हरियो मार्ग, पहेँलो मार्ग, निलो मार्ग र रातो मार्गको व्यवस्था गर्न सक्नेछ ।	निलो मार्गबाट घोषणाका आधारमा पछि जाँचपास गर्दा उद्योगीलाई समस्या पर्ने हुँदा यो मार्गलाई ऐच्छिक बनाउनु पर्दछ । कम्प्युटर प्रणालीबाट स्वचालित रूपमा यो मार्गबाट गर्ने व्यवस्था हुँदा अनेकन झन्झट ब्यहोर्नु पर्ने । नियमावलीमा यस विषयलाई थप प्रस्ट पार्नुपर्ने
दफा २६ सम्बन्धित स्थानमा गई वस्तु जाँच गर्न सकिने	(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनको ब्यहोरा मनासिब देखिएमा भन्सार अधिकृतले त्यस्तो स्थानमा आफैँ गई वा आफू मातहतको कर्मचारी पठाई त्यस्तो वस्तु जाँच गर्न वा गराउन सक्नेछ । (३) उपदफा (२) बमोजिम वस्तु जाँच गर्नुअघि भन्सार अधिकृतले पैठारी भएको वस्तुका हकमा घोषणा गरेको भन्सारमूल्य अनुसार सो वस्तुमा लाग्ने महसुलमा पचास प्रतिशत महसुल थप गरी हुन आउने रकम धरौटी लिन सक्नेछ ।	धरौटी रकम अत्यधिक बढी भएको । धरौटी फिर्ता लिन झन्झटिलो हुने भएकाले यो सुविधा कार्यान्वयन गर्न जटिल देखिन्छ ।
दफा २७. आधिकारिक व्यावसायिक व्यक्ति सूचीकृत गर्ने :	(१) मन्त्रालयले देहायका आधारमा कुनै व्यक्तिलाई आधिकारिक व्यावसायिक व्यक्ति (अथोराइज्ड बिजनेस पर्सन) का रूपमा सूचीकृत गर्न सक्नेछ (क) विगत तीन वर्षका अवधिमा भन्सारसम्बन्धी कानुनको पूर्ण पालना गरेको,	राम्रो प्रावधान भए तापनि प्रस्टता नभएकाले नियमावलीमा प्रस्ट पारिनु पर्ने ।

	(ख) व्यवसायको आन्तरिक नियन्त्रणको व्यवस्था सन्तोषजनक भएको, (ग) व्यावसायिक अभिलेख विश्वसनीय तथा सन्तोषजनक रूपमा राखेको (घ) आवश्यकता अनुसार सुरक्षण वा जमानत दिन सक्नेगरी आर्थिक रूपमा समृद्धताको प्रमाण पेश गर्न सक्षम भएको । (२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजमको सूचीमा रहेका व्यक्तिले निकासी वा पैठारी गर्दा विभागले निजलाई देहाय बमोजमका कुन सुविधा प्रदान गर्न सक्नेछ । (क) वस्तु पहिचानका लागि आवश्यक पर्ने न्यूनतम कागजातका आधारमा वस्तु जाँचपास गर्ने र पछि पूर्ण विवरण सहितको घोषणा गर्न अनुमति दिने, (ख) घोषणाकर्ताकै परिसर वा विभागले तोकेको अन्य स्थानमा गई वस्तु जाँचपास गरिदिने, (ग) सम्भव भएसम्म वस्तुको भौतिक निरीक्षण वा जाँच प्रक्रिया न्यूनीकरण गर्ने ।	
दफा ३०. पैठारी गरिएको वस्तु पुनः निकासी गर्नसक्ने :	(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्था विद्यमान नभई महसुल फिर्ता पाउने गरी कुनै वस्तु पुनः निकासी गर्ने आदेश दिइने छैन :- (क) त्यस्तो वस्तु सम्बन्धित आपूर्तिकर्ता वा निजले तोकेको व्यक्तिलाई फिर्ता पठाएको, (ख) त्यस्तो वस्तुको खराबी वा सम्झौता बमोजिमको विस्तृत विवरण (स्पेसिफिकेसन) अनुसार भए नभएको पत्ता लगाउनका लागि नगरी नहुने कार्यबाहेक मर्मत प्रयोग वा अन्य कार्य नगराएको, (ग) पैठारी भएकै वस्तु निकासी हुन लागेको हो भनी भन्सार अधिकृतले यकिन गरेको, (घ) पैठारी भएको वा कार्यालयमा आइपुगेका मितिले नब्बे दिनभित्र फिर्ता पठाउने गरी निवेदन दिएको ।	सामान्यतया औद्योगिक कलकारखानाका मेसिन औजार, पार्टपुर्जा जडान भई सञ्चालनमा आउन ९० दिनभन्दा बढी लाग्दै आएको छ । त्यसैले औद्योगिक मिल मेसिनरी १८० दिनभित्र फिर्ता पठाउने गरी निवेदन दिन मिल्ने प्रावधान गरिनु पर्दछ ।
दफा ३३ न्यून बिजकीकरण वा अधिक बिजकीकरण गर्न नहुने	उपदफा २ : उपदफा (१) वमोजिम घोषणाकर्ताले वस्तुको मूल्य घोषणा गर्दा न्यून बिजकीकरण गरेको पाइएमा भन्सार अधिकृतले त्यसरी घोषणा गरेको मूल्यमा लाग्ने महसुलको शत प्रतिशत रकम जरिबाना गरी जाँचपास गर्नुपर्नेछ ।	बजारमूल्य निरन्तर उतार-चढाव हुनेगर्दछ । त्यस्तै अर्डर गर्दाका बखत र वस्तु आइपुग्दाका बखतको मूल्यमा पनि अन्तर हुने गरेको छ । खुलाबजारका कारण समेत मूल्यमा फरक पर्ने गर्दछ । एउटै कम्पनीका एकै उत्पादनका विभिन्न मोडलका वस्तुपिच्छेका मूल्य पनि फरकफरक हुने गर्दछन् । तर ऐनले न्यून बिजकीकरण भएको भन्ने ठोस आधार र प्रमाण बिना नै तजबिजी अधिकार प्रयोग गरी न्यून बिजकीकरण ठहर गर्ने बाटो खोलिदिएको छ । तसर्थ यो सुधारभागी छ । त्यस्तै शत प्रतिशत जरिबाना लाग्ने भन्ने प्रावधान पनि सरासर गलत छ ।

दफा ३६ वस्तुको वर्गीकरण तथा महसुल निर्धारण	उपदफा (६) घोषणकर्ताले उपदफा (५) बमोजिम महसुल बुझाउँदा वस्तुको वर्गीकरणको अन्तिम निर्णय हुँदा ठहरे बमोजिम हुने गरी महसुल नगद धरौटी राखी जाँचपास गराउन चाहेमा भन्सार अधिकृतले सोही बमोजिमको नगद धरौटी लिई त्यस्तो वस्तु जाँचपास गर्न सक्नेछ ।	नगद धरौटीका साथै बैंक ग्यारेन्टीको सुविधा गरिनु पर्ने ।
दफा ७१ वस्तुको विवरण फरक पारी घोषणा गरेमा हुने सजाय	(क) पैठारी गरेको वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार तथा गुणस्तर सही भए तापनि परिमाण घटी गरी घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई घटी परिमाण घोषणा गरेजति वस्तुको मूल्यको शत प्रतिशत जरिबाना र लाग्ने महसुल लिई त्यस्तो जाँचपास गर्ने	उद्योग-व्यवसाय प्रवर्धनका लागि सहजीकरण र प्रोत्साहन गर्नु पर्नेमा जरिबाना मार्फत राजस्व बढाउने सोच राखेको । मानवीय त्रुटि र नियतवश गरिने कार्यलाई छुट्याउने विधि अपनाउनु पर्दछ । धेरै जरिबाना राखेर तर्साउने कार्य लगानीमैत्री होइन । यो अव्यावहारिक पनि छ ।
दफा ७१ (ख)	पैठारी गरेको वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर सही भए तापनि उत्पत्तिको मुलुक फरक पारी घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई त्यस्तो वस्तुमा लाग्ने भन्सार महसुलको पच्चिस प्रतिशत रकम जरिबाना र लाग्ने महसुल लिई त्यस्तो वस्तुको जाँचपास गर्ने ।	
दफा ७१ (ग)	पैठारी गरेको एउटा वस्तुलाई अर्कै वस्तु भनी वा एक प्रकारको पदार्थबाट निर्मित वस्तुलाई अर्कै प्रकारको पदार्थबाट निर्मित वस्तु भनी वा वस्तुको प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, तौल वा गुणस्तरमध्ये सबै वा कुनै कुरा फरक पारी घोषणा गरेमा वा कुनै वस्तु घोषणा नै नगरेमा त्यस्तो घोषणकर्तालाई त्यस्तो वस्तुको मूल्य बराबर जरिबाना गरी सो वस्तु जफत गर्न वा निजबाट वस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्ने	
दफा ७१ (घ)	पैठारी गरेको वस्तु वा सोको प्याकिङमा नै त्यस्तो वस्तुको पहिचान हुने ब्रान्ड, कम्पनी, मोडेल, आइटम नम्बर वा यस्तै कुनै विवरण स्पष्ट अङ्कित भएकोमा त्यस्तो वस्तु स्पष्ट पहिचान हुने विवरण नखुलाई घोषणा गरेमा त्यस्तो घोषणाकर्तालाई वस्तुमा लाग्ने महसुलको पचास प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्ने	
दफा ७१ (ङ)	निकासी हुने वस्तुको वास्तविक परिमाणभन्दा बढी परिमाण उल्लेख गरेमा त्यस्तो घोषणाकर्तालाई त्यसरी बढी घोषणा गरेजति वस्तुको मूल्यमा दुई सय प्रतिशतसम्म जरिबाना गरी सो व्यहोरा कम्प्युटर प्रणाली वा प्रज्ञापन पत्रमा उल्लेख गरी वस्तु जाँचपास गर्ने	

दफा ७१ (च)	(च) निकासी हुने वस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार, तौल वा गुणस्तरमध्ये सबै वा कुनै विवरण फरक पारी घोषणा गरेमा त्यस्तो वस्तु जफत गरी त्यस्तो घोषणाकर्तालाई वस्तुको मूल्य बराबर जरिबाना गर्ने,	
दफा ७१ (छ)	(छ) वस्तु वा सोको प्याकिङमा उल्लिखित वस्तुसँग सम्बन्धित कुनै पनि विवरण मेटेको, च्यातेको, खुर्केको, बदलेको वा लेबल हटाएको पाइएमा त्यस्तो वस्तु जफत गर्न वा त्यस्तो वस्तुको मूल्यबराबर जरिबाना र लाग्ने महसुल लिई जाँचपास गर्ने,	
दफा ७१ (ज)	(ज) कुनै वस्तु महानिर्देशकबाट एक पटक वर्गीकरण भइसकेको वा पूर्वआदेश दिइसकेको वा कुनै कार्यालयबाट वर्गीकरण भई जाँचपास भइसकेकोमा त्यस्तै वस्तु पुनः पैठारी गर्दा महसुल छल्ने मनसायले सोही पैठारीकर्ताले वर्गीकरण फरक पारी घोषणा गरेमा त्यस्तो वस्तुमा लाग्ने भन्सार महसुलको शत प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी जाँचपास गर्ने,	
दफा ७१ (झ)	(झ) घोषणाकर्ताले दफा २० को उपदफा (३) बमोजिम विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा वस्तुको विवरण घोषणा गर्दा संलग्न गर्नुपर्ने कागजात फरक रूपमा संलग्न गरेमा त्यस्तो घोषणाकर्तालाई सो घोषणा बमोजिम लाग्ने भन्सार महसुलको दश प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्ने	
दफा ७२ भौतिक जाँच नगरी जाँचपास भएको वस्तु फरक परेमा जरिबाना हुने	(३) उपदफा (२) बमोजिम कसुर गरेमा भन्सार अधिकृतले जाँचपासका बखत फरक विवरण घोषणा गरेबापत विवरण फरक पाइएजति वस्तुको मूल्यको दुई सय प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी वस्तु छाडिदिन सक्नेछ ।	
दफा ९३ प्रशासकीय पुनरवलोकन	(३) उपदफा १ बमोजिम निवेदन दिँदा जुन आदेश वा निर्णयका विरूद्ध निवेदन दिने हो त्यस्तो आदेश वा निर्णय बमोजिम लागेको महसुल र जरिबाना लागेको भए सो समेत बुझाएको वा सो बराबरको रकम सम्बन्धित कार्यालयमा नगद धरौटी राखेको निस्सा समेत निवेदन साथ संलग्न हुनुपर्नेछ । तर त्यस्तो महसुल वा जरिबानाको रकम बुझाउन नसकी थुनामा रहेको व्यक्तिले पुनरवलोकनका लागि निवेदन दिन चाहेमा धरौटी नराखी निवेदन दिन सक्नेछ ।	नगद धरौटीका साथै बैंक ग्यारेन्टीको सुविधा गरिनु पर्ने ।
दफा १०३ घटी देखिएको महसुल तथा जरिबाना असुल गर्ने	(२) उपदफा (१) बमोजिम महसुल निर्धारण गर्दा त्यस्तो वस्तु जाँचपास हुँदाका बखत घटी मूल्य वा परिमाण घोषणा गरेका कारणले घटी हुन गएको महसुल, परिमाण घटी घोषणा गरेबापत यस ऐन बमोजिम हुने जरिबाना रकम र मूल्य घटी घोषणा	

	गरेकोमा भन्सार परीक्षकले त्यस्तो वस्तुमा लाग्ने महसुलको शत प्रतिशत रकम जरिबाना गरी सो समेत सम्बन्धित वस्तुको धनीबाट असुल गर्नु पर्नेछ । (३) जाँचपासपछिको परीक्षण गर्दा वस्तुको वर्गीकरणको उपशीर्षक फरक परेका कारणले लाग्नेभन्दा घटी महसुल असुल भएको देखिएमा भन्सार परीक्षकले त्यसरी घटी हुन गएको महसुल रकम र सो बराबरको जरिबाना समेत सम्बन्धित वस्तुका धनीबाट असुल गर्नुपर्नेछ ।	
दफा १०८. जाँचपासपछिको परीक्षण गर्न सकिने अवधि र अन्य व्यवस्था	यस ऐन वा भन्सार महसुल सम्बन्धी प्रचलित कानुन बमोजिम वस्तु जाँचपास भएका मितिले दुई वर्षसम्म त्यस्तो वस्तुका सम्बन्धमा यस परिच्छेद बमोजिम जाँचपास पछिको परीक्षणको काम गर्न सकिनेछ ।	
दफा १०९ पुनः परीक्षण गर्न सक्ने	(१) कार्यालयबाट जाँचपास भएका वस्तुको प्रज्ञापनपत्र लगायतका पैठारी वा निकासीसँग सम्बन्धित कागजात तथा जुनसुकै स्वरूपका अभिलेख त्यस्तो वस्तु जाँचपास भएका मितिले दुई वर्षभित्र महानिर्देशक वा भन्सार अधिकृत वा निजले खटाएको कर्मचारीले पुनः परीक्षण गर्न सक्नेछ । (२) उपदफा (१) बमोजिम पुनः परीक्षण गर्दा असुल गर्नुपर्ने महसुल असुल गर्न छुट भएको देखिएमा भन्सार अधिकृतले त्यस्तो वस्तुको त्यसरी छुट भएको महसुल वस्तुको धनीबाट असुल गर्नु पर्नेछ । तर घोषणाकर्ताले नक्कली बिलबीजक वा कागजात पेस गरेका कारणले महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले उक्त फरक पर्न गएको महसुलको तीन सय प्रतिशत रकम जरिबाना गर्न सक्नेछ ।	
दफा ११० भन्सार महसुल फिर्ता दिने	(१) कुनै व्यक्तिले निकासी वा पैठारी गर्दा प्रचलित कानुन बमोजिम लाग्नेभन्दा बढी भन्सार महसुल बुझाएको रहेछ वा दफा २० को उपदफा (११) बमोजिम घोषणा गर्दा भन्सार महसुल बुझाएपछि त्यस्तो घोषणा रद्द भएमा भन्सार अधिकृतले निजलाई त्यस्तो भन्सार महसुल फिर्ता दिनु पर्नेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा भन्सार महसुल फिर्ता हुनेछैनः- (क) वस्तु छुटाएको साठी दिनभित्र त्यस्तो महसुल फिर्ताका लागि सम्बन्धित कार्यालयमा निवेदन नदिएमा,	
दफा ११५ अभिलेख सुरक्षित राख्नुपर्ने	वस्तुको धनीले आफूले निकासी वा पैठारी गरेको वस्तुको भन्सार प्रक्रियासँग सम्बन्धित कागजात तथा तत्सम्बन्धी अभिलेख त्यस्तो वस्तु निकासी वा पैठारी गरेका मितिले कम्तीमा चार वर्षसम्म सुरक्षित राख्नुपर्नेछ ।	दफा १०८ र १०९ मा २ वर्षभित्र पुनः जाँचपास र परीक्षण गर्ने भनिएको छ । तर अभिलेख कम्तीमा ४ वर्षसम्म राख्नुपर्ने विषय आफैँमा विरोधाभासपूर्ण छ र युक्तिसङ्गत पनि छैन । अतः यो बाझिएको विषयलाई प्रस्ट पारिनु पर्ने ।

भन्सार ऐन २०८२ का प्रावधानबारे अन्तरक्रिया

उद्योग संगठन मोरङले गत मङसिर २० देखि कार्यान्वयनमा आएको संशोधित भन्सार ऐन-२०८२ का विविध पक्ष तथा यसका प्रावधानले उद्योग-व्यवसायमा पार्ने प्रभावका विषयमा मङसिर २९ मा अन्तरक्रिया गरेको छ । ऐनमा समेटिएका व्यवस्था तथा प्रावधानबारे उद्योगी/व्यवसायीलाई जानकारी गराउने उद्देश्यले संगठनको आयोजना तथा विराटनगर भन्सार कार्यालयको सहकार्यमा अन्तरक्रिया गरिएको हो । कार्यक्रममा संगठनका अध्यक्ष नन्दकिशोर राठीले वर्तमान व्यवस्थाअनुसार औद्योगिक मिल मेसिनरी, कच्चा पदार्थ तथा पार्टपुर्जाहरू बिग्रिएर पुन: फिर्ता पठाउनु पर्दा ९० दिनभित्र पठाउनुपर्ने व्यवस्था अव्यावहारिक भएको बताउनुभयो । अध्यक्ष राठीले यसको अवधि १८० दिन कायम गर्नुपर्ने आग्रह गर्नुभयो । राठीले ऐनमा उल्लिखित अत्यधिक दण्ड-जरिबानाका प्रावधानले उद्योगीलाई प्रोत्साहन नभई निरूत्साहित गर्ने टिप्पणी गर्नुभयो । उहाँले मानवीय त्रुटि र नियतवश गरिने कार्यलाई स्पष्ट रूपमा छुट्याई दण्ड-जरिबानाको प्रावधान पुनरवलोकन गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । प्रशासकीय पुनरवलोकनका क्रममा धरौटीका रूपमा नगदसँगै बैंक ग्यारेन्टी समेत राख्न पाउने व्यवस्था हुनुपर्नेमा उहाँको जोड थियो । विराटनगर भन्सार कार्यालयका प्रमुख उमेश श्रेष्ठले संशोधित भन्सार ऐनले उद्योगी/व्यवसायीलाई सहजीकरण गर्दै काम गर्न थप सहज बनाउने विश्वास व्यक्त गुर्नभयो । प्रमुख श्रेष्ठले नियमावली आउने क्रममा रहेको जानकारी दिँदै ऐन कार्यान्वयन गर्दा आउने समस्यालाई समाधान गरिँदै लैजाने स्पष्ट पार्नुभयो । भन्सार अधिकृत तुलसीराम रेग्मीले संशोधित भन्सार ऐनमा समावेश गरिएका प्रमुख प्रावधान तथा व्यवस्थाबारे प्रकाश पार्नुभयो । अधिकृत रेग्मीले ऐन परिमार्जित रूपमा आएकाले यसले भन्सार प्रक्रिया थप सरल र प्रभावकारी बनाउने जिकिर गर्नुभयो । विराटनगर भन्सार एजेन्ट संघका अध्यक्ष देवकीनन्दन शर्माले पनि मानवीय त्रुटि र नियतवश गरिने गल्तीलाई स्पष्ट रूपमा वर्गीकरण गरी सोहीअनुसार दण्ड-जरिबानाको व्यवस्था हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । अन्तरक्रियामा संगठनका निवर्तमान अध्यक्ष राकेश सुराना, उपाध्यक्ष सुरेन्द्र गोल्छा, विपिन काबरा, सुबोध कोइराला, कार्यसमिति सदस्य सन्तोष भगत, वीरेन्द्र राठी, दीपक अग्रवाल, जयेन्द्र शर्मा, विराटनगर भन्सार एजेन्ट संघका प्रतिनिधिहरू, उद्योगी-व्यवसायीहरू र विभिन्न उद्योग-प्रतिष्ठानका उच्च प्रशासकको सहभागिता थियो ।

संगठनले तीन मन्त्रीसमक्ष प्रस्तुत गऱ्यो विविध सुझाव

उद्योग संगठन मोरङको प्रतिनिधिमण्डलले अर्थमन्त्री रामेश्वर खनाल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हा तथा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीसँग २०८२ पुस १ गते भेटघाट तथा छलफल गरेको छ। संगठनका अध्यक्ष नन्दकिशोर राठीका नेतृत्वमा संघीय राजधानी काठमाडौं गएको प्रतिनिधि मण्डलले तीन संघीय मन्त्रीसित बैठक गर्दै उद्योग-व्यवसाय क्षेत्रसँग सम्बन्धित समसामयिक समस्या अवगत गराएर समाधानका लागि सुझावसमेत प्रस्तुत गरेको हो। प्रतिनिधि मण्डलले तिनको कार्यान्वयनका लागि आग्रह पनि गरेको छ। छलफलका क्रममा अध्यक्ष राठीले सरकारले निजी क्षेत्रले मुलुकको आर्थिक, औद्योगिक तथा सामाजिक विकासमा पुऱ्याउँदै आएको योगदानलाई खुला हृदयले स्वीकार गर्नसक्नु पर्ने धारणा प्रकट गर्नुभयो। राठीले सरकारले स्पष्ट, सकारात्मक र भरोसायुक्त सन्देशमार्फत निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको उद्योग-व्यवसाय क्षेत्रको निर्बाध सञ्चालनका लागि प्रक्रियागत जटिलताको सरलीकरण, शान्ति-सुरक्षाको प्रत्याभूति तथा लगानीमैत्री वातावरण निर्माण अत्यावश्यक रहेको उहाँको धारणा थियो। उहाँले निजी क्षेत्रले यस्ता विषयको प्रत्यक्ष अनुभूति गर्नसक्ने वातावरण निर्माण गर्न आग्रह गर्नुभयो। अध्यक्ष राठीका अनुसार छलफलका क्रममा मन्त्रीहरूले संगठनद्वारा प्रस्तुत सुझावहरूलाई सकारात्मक रूपमा लिनुभएको छ। र, तत्काल कार्यान्वयन गर्न सकिने विषयहरू यथाशीघ्र अघि बढाउने आश्वासन दिनुभएको छ। तीन मन्त्रीले नै नीतिगत प्रकृतिका विषयहरू आगामी सरकारका लागि नोटका रूपमा राखिने वचनबद्धता प्रकट गर्नुभएको छ। प्रतिनिधि मण्डलमा संगठनका निर्वतमान अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष भोलेश्वर दुलाल, उपाध्यक्षहरू सुरेन्द्र गोल्छा र विपिन काबरा, कार्यसमिति सदस्यहरू सन्तोष भगत, उकेश अग्रवाल र जयेन्द्र शर्मा तथा महानिर्देशक चूडामणि भट्टराई सहभागी हुनुहुन्थ्यो।

प्रतिनिधिमण्डलले निम्न सुझावहरू प्रस्तुत गरेको छ :-

१. निजी क्षेत्रको खस्केको मनोबल उकास्ने सम्बन्धमा : राज्यको स्थापित नीति नियम-कानुनका परिधिभित्र रही सञ्चालनमा रहेको निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण सकारात्मक छैन। गत भदौमा भएको जेन्जी प्रदर्शनका क्रममा निजी क्षेत्रका उद्योग-व्यापार केन्द्रहरूमा भएको तोडफोड र आगजनीले यो क्षेत्र ज्यादै त्रस्त छ। निजी क्षेत्रप्रति व्यक्त हुने आक्रोशले यस क्षेत्रको मनोबल घटेको छ। यसले गर्दा उद्योग-व्यवसायमा लगानी गर्नु, नाफा कमाउनु पाप हो कि भन्ने भाष्य निर्माण हुँदै गएको छ।

यस क्षेत्रले आर्थिक विकासमा पुऱ्याउँदै आएको योगदानलाई न्यून मूल्याङ्कन गरिएको छ। यस क्षेत्रलाई नाफाकेन्द्रित क्षेत्रका रूपमा मात्र परिभाषित गर्ने प्रचलन बढ्दै गएको छ । यस अवस्थामा सरकारका तर्फबाट यस क्षेत्रले आर्थिक, औद्योगिक र सामाजिक रूपान्तरणमा पुऱ्याएको योगदानलाई दृष्टिगत र उचित मूल्याङ्कन हुनुपर्दछ । साथै सकारात्मक भावना विकास गर्न पहल प्रारम्भ गरी निजी क्षेत्रको मनोबल उच्च बनाउनु पर्दछ ।

२. भयरहित वातावरणमा उद्योग-व्यवसाय सञ्चालन गर्ने सम्बन्धमा : गत भदौ २३ र २४ मा निजी क्षेत्रलाई पनि टार्गेट गरेर अराजकता, लुटपाट र आगजनी मच्चाइयो । त्यसले भय र त्रासको अवस्था सृजना गरेको छ। सबैभन्दा पहिले यस प्रकारको भय र त्रासबाट बाहिर निस्कन नेपाल सरकारले यस प्रकारका क्रियाकलापमा संलग्न जो कोहीलाई पनि कानुनका दायरामा ल्याउनु पर्दछ। र, तिनलाई हदैसम्मको सजाय गरी दण्डहीनताको अवस्था अन्त्य गरिनु पर्दछ ।

३. सुख्खा मौसममा विद्युत् आपूर्तिको सुनिश्चितता सम्बन्धमा : सुख्खा याममा अघोषित लोडसेडिङ, ट्रिपिङ, फ्लक्च्युएसन लगायतका समस्या भोग्दै आएका सुनसरी-मोरङ औद्योगिक करिडोरका उद्योग-व्यवसायले यसवर्ष सुख्खा याम शुरु हुनुअघि नै नियमित विद्युत् आपूर्तिमा समस्या भोग्न थालेका छन् । अतः नजिकिदै गरेको सुख्खा यामलाई दृष्टिगत गरी उद्योग-व्यवसाय क्षेत्रका लागि आवश्यक विद्युत् व्यवस्थापनका निमित्त आवश्यक तयारी एवम् पहल तत्काल प्रारम्भ हुनुपर्दछ। साथै सुनसरीको बर्जुमा निर्माणाधीन अवस्थामा रहेको सब स्टेसनको निर्माण अविलम्ब सम्पन्न गर्नुपर्दछ ।
सुनसरी-मोरङ-कटहरी औद्योगिक करिडोरको ट्रान्समिसन लाइन पुरानो, जीर्ण र कमजोर भइसकेको छ । यसले गर्दा स-सानो हावाहुरी र पानीमा समेत बिग्रने, विद्युत् अवरूद्ध हुने, ट्रिपिङ र फ्लक्च्युएसनको समस्या भइरहेको छ। तसर्थ जीर्ण अवस्थामा रहेको उक्त ट्रान्समिसन लाइन परिवर्तन गर्नुपर्दछ ।

४. विराटनगर आइसीपीसम्म रेल्वे कार्गो सेवा सञ्चालन सम्बन्धमा : माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिन्हाबाट यस क्षेत्रका उद्योगको लजिस्टिक खर्चको न्यूनीकरणमा गेमचेन्जर पूर्वाधारका रूपमा रहेको विराटनगर-बथनाहा आइसीपी कार्गोरेलमा सबै प्रकारका वस्तु ल्याउन पाउने गरी नेपाल-भारत पारवहन सन्धिमा संशोधन गर्न निर्णायक पहल भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।
उद्घाटन भएको लामो समय भइसक्दा पनि विराटनगरको आइसीपीसम्म कार्गोरेल व्यावसायिक रूपमा सञ्चालनमा आउन नसक्नुमा रेल्वे यार्डको शुल्क, कार्गो Handling Charge तथा ढुवानी शुल्क समेत महँगो हुनु लगायतका कारण हुन् । नेपालस्थित आईसीपीको Handling Charge भारततर्फको रेल्वे यार्डका तुलनामा कार्गोको प्रकृति अनुसार प्रति मेट्रिक टन ८० देखि २०० रुपैयाँसम्म महँगो पर्दछ। मूल्य प्रतिस्पर्धाका आधारमा भारततर्फको यार्ड सस्तो परेको छ। यसका कारण नेपालका व्यवसायी उतातर्फकै रेल्वे यार्ड प्रयोग गरी वस्तु आयात गरिरहेका छन् । तसर्थ यसको नियमित सञ्चालनका लागि नेपालस्थित रेल वे यार्डको Cargo handling शुल्कलाई अविलम्ब परिमार्जन गर्दै व्यवसायलाई सहजीकरण गर्नुपर्दछ ।

५. खुला सिमानाको नियमनका सम्बन्धमा : नेपाल भारत बिचको खुला सिमाना व्यवस्थापन गर्न नसक्दा हाल करिब ५० प्रतिशतभन्दा बढी सामान चोरी पैठारी भएर आइरहेको छ। गत २२ सेप्टेम्बरबाट भारत सरकारले जीएसटी (Good & Service Tax _ GST) मा गरेको व्यापक हेरफेर तथा आधारभूत वस्तु तथा सेवाहरूमा लाग्ने करमा गरेको व्यापक कटौतीका कारण नेपालका उद्योगहरू बन्द गर्नुपर्ने बाध्यात्मक अवस्था सृजना भएको छ । तसर्थ सीमा नाकामा कडाइ, नियमन र व्यवस्थापन अति आवश्यक भइसकेको छ । भारत सरकारले आफ्ना स्वदेशी उद्योगहरूलाई बचाउन गरेको कर संशोधनका आधारमा तत्काल नेपाल सरकारले करका संरचनामा एकरूपता हुनेगरी परिमार्जन र मूल्य अभिबृद्धि करलाई वस्तु तथा सेवाको प्रकृति अनुसार बहुदर प्रणालीमा रूपान्तरण गर्नु पर्दछ । साथै FMCG उत्पादनमा सरकारले लगाएको अन्तःशुल्कका कारण नेपाली उत्पादनहरूको बजारमूल्य बढी परेको छ। यसको नाजायज फाइदा चोरी पैठारी गर्नेले लिइरहेका छन्। तसर्थ मूल्य प्रतिस्पर्धी बनाउन र चोरी पैठारी निरूत्साहित गर्न FMCG उत्पादनमा लाग्दै आएको अन्तःशुल्क हटाउनु पर्दछ।

६. मोरङ कटहरी खण्डको हुलाकी सडक सम्बन्धमा : मोरङको कटहरी क्षेत्र मुख्य औद्योगिक करिडोर हो। यस क्षेत्रमा विगत ४-५ वर्षदेखि हुलाकी सडक निर्माणाधीन अवस्था छ। तर निर्माणप्रक्रियामा भएको अत्यधिक लापरबाहीले यस क्षेत्रमा ठुला, मझौला र साना उद्योग तथा सर्वसाधारणले समेत सास्ती ब्यहोर्नु परेको छ। साथै दुर्घटनाको दर पनि बढेको छ।

वर्तमान सरकारले उक्त सडकखण्डको ठेक्का भङ्ग गरेको छ। पुरानो ठेक्का भङ्ग गरिएको र नयाँ ठेक्काको प्रक्रिया प्रारम्भ नभएको वर्तमान अवस्थाका कारण उक्त सडक कहिलेसम्म निर्माण भइसक्ने भन्ने अन्योल व्याप्त छ। अतः उक्त हुलाकी सडकखण्डको निर्माणको ठेक्का प्रक्रिया पुनः प्रारम्भ गरी अविलम्ब निर्माणकार्य सुरु गर्नुपर्दछ।

७. सार्वजनिक निकायमा स्वदेशी उत्पादनको प्रयोगको सुनिश्चितता : सरकारी कार्यालयमा प्रयोग गरिने सामग्री तुलनात्मक रूपमा १५ प्रतिशतसम्म महँगो भए पनि स्वदेशी उत्पादन नै खरिद गरी प्रयोग गर्ने नीति सरकारले धेरै वर्षअघि निर्माण गरेको हो। सरकारले स्वदेशी वस्तुको उत्पादन वृद्धिमा टेवा पुऱ्याउने उद्देश्यले यस्तो नीति तर्जुमा गरेको हो। तापनि त्यसको कार्यान्वयन प्रभावकारी छैन र अनुभूति हुने गरी प्रतिफल प्राप्त हुन सकिरहेको छैन। तसर्थ सरकारका अधिकांश संरचनाहरू पुनर्निर्माणका प्रक्रियामा गइरहेको र जानुपर्ने वर्तमान अवस्थामा सार्वजनिक निकायमा स्वदेशी उत्पादनको अधिकतम प्रयोगको सुनिश्चितता गर्नु पर्दछ।

८. निर्यातमा नगद अनुदान सम्बन्धमा : सरकारले चालु आर्थिक वर्षमा थप दायित्व सृजना गर्नेगरी निर्यातयोग्य उद्योगले पाउने निर्यातमा नगद अनुदानका लागि स्वघोषणा विवरण उद्योग विभागमा पेस नगर्ने सम्बन्धी सूचना जारी गरिसकेको छ। यसले गत आवमा भएको निर्यातको नगद अनुदान प्राप्त गर्ने अपेक्षामा रहेका उद्योगमा अन्यौलता बढाएको छ। उद्योग-व्यवसायलाई निर्यातमा दिइँदै आएको नगद अनुदानको व्यवस्थाले स्वदेशी उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने र वैदेशिक मुद्रा आर्जनमा सहयोग पुग्ने कुरामा शङ्का छैन। तसर्थ निर्यातलाई प्रोत्साहन गर्दै आएको नगद अनुदान दिने व्यवस्थालाई निरन्तरता दिनु अति आवश्यक छ। यसका लागि छिटोभन्दा छिटो कार्यविधि निर्माण गरी निवेदन लिने प्रक्रियालाई पुनः प्रारम्भ गर्नुपर्दछ।

९. पुँजीगत खर्चका सम्बन्धमा : विगत लामो समयदेखि बजारमा मन्दी व्याप्त छ। यसैबिच गत भदौमा भएको प्रदर्शनले आर्थिक गतिविधिलाई थप सुस्त बनाएको छ। यस परिस्थितिमा बजारमा वस्तु तथा सेवाको मागमा उल्लेखनीय कमी आएको छ भने सरकारले सार्वजनिक खर्चमा कटौती गरेको छ। यसका साथै उद्योगी-व्यवसायीले वस्तु तथा सेवा विक्रीबापत प्राप्त गर्नुपर्ने उधारो रकम समेत लामो समयसम्म असुलउपर हुन नसक्दा बजार अपेक्षित रूपमा चलायमान हुन नसकेको यथार्थ स्पष्ट छ। अतः यी सबै अवस्थालाई गम्भीर रूपमा मनन गर्दै समग्र बजारलाई पुनः गतिशील बनाउन पुँजीगत तथा सार्वजनिक खर्च वृद्धि गर्ने दिशामा आवश्यक पहल हुनु पर्दछ।

१०. भन्सार ऐन २०८२ का सम्बन्धमा : गत मङसिर २० गतेदेखि नयाँ भन्सार ऐन २०८२ कार्यान्वयनमा आएको छ। ऐन कार्यान्वयन हुँदै गर्दा यसका प्रभावहरू देखिँदै जानेछन्। ऐनमा भएका कतिपय विषयवस्तुलाई आगामी दिनमा आउने नियमावलीले प्रस्ट पार्ने छ। तथापि संशोधित ऐनमा समावेश भएका निम्नानुसारका व्यवस्थाहरूले उद्योग-व्यवसाय क्षेत्रमा पार्ने दूरगामी प्रभावलाई मनन गर्न र संशोधन गरिदिन आग्रह गर्दछु।

क) पैठारी गरिएको वस्तु पुनः निकासी गर्नसक्ने सम्बन्धमा : औद्योगिक मिल-मेसिनेरी, कच्चा पदार्थ तथा पार्टपुर्जा बिग्रिएर पुनः सोही कम्पनीमा फिर्ता पठाउनु परे उक्त वस्तु पैठारी भएको वा कार्यालयमा आइपुगेको मितिले नब्बे दिनभित्र फिर्ता पठाउन सक्ने व्यवस्था अव्यावहारिक छ। अतः औद्योगिक कलकारखानाका मेसिन औजार, पार्टपुर्जा जडान भई सञ्चालनमा आउन ९० दिनभन्दा बढी लाग्नसक्ने भएकाले औद्योगिक मिलमेसिनरीका हकमा फिर्ता गर्ने अवधि १८० दिन हुने प्रावधान गरिनु पर्दछ।

ख) दण्ड-जरिबाना सम्बन्धमा : यस ऐनमा धेरै नै दण्ड-जरिबानाका सजायहरू राखिएका छन्। यसले उद्योगीलाई प्रोत्साहनभन्दा निरूत्साहित गर्नेछ। त्यसैले मानवीय त्रुटि र नियतवश गरिने कार्यलाई छुट्याउने विधि अपनाई दण्ड-जरिबानाको प्रावधानमा पुनरवलोकन गरिनु पर्दछ।

ग) नगद धरौटीका साथै बैंक ग्यारेन्टीको सुविधा सम्बन्धमा : प्रशासकीय पुनरवलोकनमा जाँदा राख्नुपर्ने धरौटी नगदका साथसाथै बैंक ग्यारेन्टीलाई पनि मान्यता दिनु पर्दछ।

११. प्रक्रियागत जटिलता सरलीकरण सम्बन्धमा :

क) उद्योग-व्यवसायले नेपाल सरकारका विभिन्न निकायहरूबाट प्राप्त गर्नुपर्ने सेवासुविधा सम्बन्धमा : उद्योग-व्यवसायले नेपाल सरकारबाट प्राप्त गर्ने सेवा-सुविधाहरू प्राप्तिमा हुने ढिलासुस्ती, जटिलता लगायतका प्रक्रियाहरूको सरलीकरण गरी सेवाप्रवाहमा चुस्तता अपनाउनु पर्दछ। त्यसैगरी निकासीजन्य उद्योगले प्राप्त गर्ने बैङ्क ग्यारेन्टी, नगद धरौटी, पासबुक सुविधाहरू उपयोग गर्न प्रक्रियागत सरलीकरण गर्नुपर्दछ साथै उक्त सुविधालाई स्वचालित गरी निश्चित अवधिभित्र बैङ्क ग्यारेन्टी वा नगद धरौटी स्वतः फुकुवा हुने, पासबुक र निकासी प्रोत्साहनबापत प्राप्त हुने रकम व्यवसायीको बैङ्क खाता वा छुट्टै क्रेडिट खातामा स्वतः जम्मा हुने प्रणाली विकास गर्नुपर्दछ।

ख) IEE / EIA को प्रक्रिया सरलीकरण सम्बन्धमा : वर्तमान समयमा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) जस्ता प्रक्रिया अवलम्बन गर्नुपर्ने उद्योगहरूले प्रतिवेदन तयार गर्न र प्रक्रिया पूरा गर्न कम्तीमा १ वर्षको समय र ५ देखि ६ लाखसम्मको खर्च गर्नुपर्ने अवस्था छ। यस प्रकारको लामो प्रक्रियागत व्यवस्थाले उद्योग स्थापना गर्न चाहने व्यवसायी हतोत्साही भइरहेका छन्। तसर्थ उक्त प्रक्रियालाई सरलीकरण गरी बढीमा ३ महिनाभित्र सम्पूर्ण प्रक्रिया सम्पन्न हुने व्यवस्था गर्नुपर्दछ।

ग) व्यवसायको दर्ता नवीकरण सम्बन्धमा : हालको व्यवसाय दर्ता प्रणालीअनुसार सङ्घीय सरकारको सम्बन्धित विभागमा दर्ता भएको व्यवसायलाई ठाउँठाउँमा दर्ता गर्न लगाएर दुःख दिने काम भएको छ। अतः प्रक्रियागत सरलीकरणका लागि सबै किसिमका व्यवसाय, प्राइभेट फर्म, साझेदारी र कम्पनी एकै निकायमा दर्ता गर्ने एकल दर्ता निकाय कायम गर्नुपर्दछ। दर्तासम्बन्धी सबै प्रक्रिया र आवश्यक कागजात बुझाउने काम अनलाइन गर्नसक्ने व्यवस्था मिलाइनु पर्दछ। व्यवसाय दर्ता प्रमाणपत्र र आयकर स्थायी लेखा नम्बर साथै उपलब्ध गराउने प्रावधान हुनुपर्दछ। व्यवसाय दर्ता गर्दा जुन नगरपालिकामा प्रधान कार्यालय भनेर दर्ता गरिन्छ त्यो नगरपालिकालाई दर्ता भएको व्यवसायको अनलाइन उपलब्ध हुने गरी कम्प्युटर प्रणालीमा पहुँच दिने र आन्तरिक राजस्व कार्यालयको सूचना प्रणालीबाट कम्पनी रजिस्ट्रार कार्यालयको व्यवसाय दर्ता प्रणालीमा करचुक्ताको विवरण स्वचालित रूपमा जाने गरी प्रणालीबिचको सम्बन्ध र सञ्जाल स्थापित गरी नवीकरण गर्नुपर्ने व्यवस्था हटाइनु पर्दछ। आयकर दाखिला गरिरहेको छ भने व्यवसाय चलिरहेको छ भन्ने जानकारी स्वतः हुने र यसैलाई नवीकरण भएको मान्यता दिने व्यवस्था गर्नु पर्दछ।

घ) बन्डेड वेयर हाउसका सम्बन्धमा : उद्योग प्रतिष्ठानले बन्डेड वेयर हाउसको सुविधाका लागि दर्ता, नवीकरण लगायतका कार्य हाल अनलाइन मार्फत गर्नसक्ने व्यवस्था छ तर सम्बन्धित निकायले अत्यधिक डकुमेन्ट माग्ने गरेका छन्। साथै ती निकायमा सर्भरका कारण विलम्ब हुने जस्ता समस्याले लामो समय लाग्दै आएको छ। अतः प्रक्रियागत सरलीकरण गरी सहज रूपमा हुने व्यवस्था मिलाउनु पर्दछ।

ङ) उद्योग विभाग लगायतका निकायमा पेश गर्नुपर्ने विवरण सम्बन्धमा : वर्तमान व्यवस्था अनुसार उद्योग-प्रतिष्ठानहरूले प्रत्येक वर्ष उद्योग विभागमा वार्षिक प्रतिवेदन बुझाउनु पर्दछ। ऐनमा भएको उक्त व्यवस्थाका सम्बन्धमा उद्योगी-व्यवसायी अनभिज्ञ छन्। साथै सरकारी निकायले पर्याप्त जानकारी र सचेतना नगराउँदा उद्योगले जरिबानाको भागीदार हुनुपरेको छ। अतः प्रचलित कानुनमा भएको व्यवस्थाका सम्बन्धमा नेपाल सरकार सम्बन्धित निकायका माध्यमबाट उद्योगी-व्यवसायीलाई सो सम्बन्धमा पर्याप्त जानकारी गराएपछि मात्र जरिबाना लगाउने प्रावधान हुनुपर्छ।

१२. विराटनगर-इटहरी-कटहरी औद्योगिक करिडोर घोषणा सम्बन्धमा : विराटनगर ऐतिहासिक औद्योगिक नगरी भए पनि हालसम्म औद्योगिक क्षेत्र छैन। तसर्थ विराटनगर-इटहरी-कटहरी औद्योगिक करिडोरलाई औद्योगिक क्षेत्र घोषणा गरेर सो सरहको सुविधा उपलब्ध गराउनु पर्दछ।

१३. स्वदेशी उत्पादनमा भारतले लगाउँदै आएको एन्टी डम्पिङ सम्बन्धमा: भारत सरकारले नेपाली जुटका उत्पादनमा एन्टी डम्पिङ शुल्क लगाएर निर्यातलाई हतोत्साहित बनाइरहेको छ। निर्यातका माध्यमबाट वैदेशिक मुद्रा आर्जनमा सहयोग र उल्लेख्य मात्रामा रोजगारी सृजना गर्दै आएको जुट उद्योगका उत्पादनमा यस्तो शुल्क लगाउँदा नेपालका उद्योग प्रतिस्पर्धी हुन सकेका छैनन्। र, निर्यात पनि प्रभावित भइरहेको छ। अतः यो शुल्क हटाउन नेपाल सरकारका तर्फबाट भारत सरकारसमक्ष पहल हुनु पर्दछ।

१४. बंगलादेशले कच्चा जुटको निकासीमा लगाएको प्रतिबन्ध सम्बन्धमा : बंगलादेश सरकारले कच्चा जुटको निर्यातमा प्रतिबन्ध लगाएको छ। यसले गर्दा नेपालका जुट उद्योगले त्यहाँबाट कच्चा जुटको आयात गर्न सकिरहेका छैनन् र स्वदेशी उद्योगको उत्पादनमा नकारात्मक प्रभाव परेको छ। यसबाट केही समयभित्रै उद्योग नै बन्द हुने खतरा सिर्जना भएको छ। अतः नेपाल र बंगलादेश बिचको द्विपक्षीय सम्बन्धका आधारमा गर्भमेन्ट टु गर्भमेन्ट वार्ता गरी नेपालका हकमा कच्चा जुटको निकासीमा लगाइएको प्रतिबन्ध फुकुवा गर्न पहल गर्नुपर्दछ।

१५. आर्थिक वर्ष २०८२।८३ को बजेटसम्बन्धी केही विषयहरू : विगतमा सरकारले केही निश्चित क्षेत्र वा समूहलाई फाइदा पुग्ने गरी उनीहरूका प्रभावमा परी सोही अनुकूल नीतिनिर्माण गरेको थियो । यसका कारण सोही प्रकारका अन्य उद्योग-व्यवसायमा प्रतिकूल प्रभाव परी बन्द गर्नुपर्ने स्थिति सिर्जना भएको ब्यहोरा माननीय मन्त्रीज्यूलाई ध्यानाकर्षण गराउँदै आर्थिक वर्ष २०८२।८३ को बजेटका केही प्रावधानहरूमा आवश्यक परिमार्जनका लागि अनुरोध गर्दछु ।

क) क्रुड पामोलिन आयल को एच.एस. कोड परिमार्जन सम्बन्धमा : तेल उद्योगले आयात गर्ने कच्चा पदार्थ क्रुड पामोलिन आयलको एच.एस. कोड १५११.१०.०० हुनुपर्नेमा त्यसलाई अन्तिम वस्तुका रूपमा वर्गीकरण गरी १५११.९०.२० कायम गरिएको छ। यसले निर्यात अवरूद्ध छ। साथै हाल २२ हजार टनभन्दा वढी कच्चा पदार्थ कोलकाता बन्दरगाहमा रोकिएको छ । तसर्थ क्रुड पामोलिन आयलको एच.एस. कोड १५११.१०.०० अन्तर्गत वर्गीकरणका लागि अनुरोध गर्दछु ।

ख) एमएस वायर रड : यस वर्षको बजेटले नेपालको निर्माण-व्यापारसँग प्रत्यक्ष जोडिएका वायर रड उद्योगको मुख्य कच्चा पदार्थ एमएस वायर रडको आयातमा भन्सार महसुल १० प्रतिशत र अन्तःशुल्क प्रति टन ४५ सय रुपैयाँ कायम गरेको छ । तर सोही कच्चा पदार्थबाट वनेको अन्तिम वस्तु SAFTA अन्तर्गत विदेशबाट आयात गर्दा परल मूल्यको ६ प्रतिशत Import Duty छ । यसले गर्दा स्वदेशका उद्योगहरू टाक्सिएको अवस्था छ। तसर्थ स्वदेशी उद्योगको संरक्षणका लागि कच्चा पदार्थमा भन्सार शुल्क ५ प्रतिशत र कच्चा पदार्थमा लाग्दै आएको अन्तःशुल्क प्रति टन रु. ४५०० लाई तयारी वस्तुमा लाग्ने व्यवस्था कायम गर्दा निर्यातमा वृद्धि हुने अनुरोध गर्दछु ।

ग) टिनको प्रिन्टेड डब्बा उत्पादन गर्ने उद्योगहरूका सम्बन्धमा : टिनको प्रिन्टेड डब्बा उत्पादन गर्ने उद्योगहरूमा लाग्ने मुख्य कच्चा पदार्थ टिन प्लेट (Tin Plate) भारत तथा अन्य तेस्रो मुलुकहरूबाट आयात गर्दा भन्सार शुल्क ५ प्रतिशत छ । तर भारतबाट तयारी डब्बा पेन्ट्स उद्योगहरूले आयात गर्दा भन्सार दररेट १५ प्रतिशत भए पनि SAFTA अन्तर्गत राखेर ७.२५ प्रतिशतमा आयात भइरहेको छ। जसबाट टिनको प्रिन्टेड डब्बा उत्पादन गर्ने उद्योगहरू बन्द गर्नुपर्ने आवस्थामा पुगेका छन् । तसर्थ तयारी टिनको डब्बा आयातलाई Anti Dumping को पोलिसी अन्तर्गत राखी भन्सार दररेट बढाउन अनुरोध गर्दछु ।

घ) नेपाल सरकारको नीति अनुरूप कच्चा पदार्थ र तयारी वस्तुको आयातमा भन्सार महसुलको फरक १ तहको हुनुपर्ने भए तापनि स्विच र सकेटको कच्चा पदार्थ (हार्मोनिक कोड ८५३६) अन्तर्गत आयात गर्दा भन्सार दर १० प्रतिशत र अन्तःशुल्क ५ देखि १५ प्रतिशत, इलेक्ट्रिक डिस्लिविन्स बोर्ड (हार्मोनिक कोड ८५३७ को भन्सार महसुल १५ देखि २० प्रतिशत र लिड प्यानल लाइट (हार्मेनिक कोड ९४०५) को भन्सार महसुल १० प्रतिशत लागिरहेको छ। तथापि साफ्टा अन्तर्गत तयारी वस्तु आयात गर्दा अन्तःशुल्क ५ देखि १५ प्रतिशत लाग्ने प्रावधान छ । अतः उक्त हार्मेनिक कोड अन्तर्गत आयात गरिने वस्तुलाई अन्तःशुल्क नलाग्ने वस्तुमा समावेश गरिदिनुहुन अनुरोध गर्दछु ।

ङ) पेट प्रीफर्म (HS Code ३९२३.३०.१०)मा कायम अन्तःशुल्क सम्बन्धमा : स्वदेशमै उत्पादन हुँदै आएका तयारी PET बोतलका लागि अत्यावश्यक कच्चा पदार्थ पेट प्रीफर्म (HS Code ३९२३.३०.१०) हाल ५ प्रतिशत अन्तःशुल्क तोकिएको छ भने, सोही प्रीफर्मबाट निर्मित तयार पेट बोतल (HS Code ३९२३.३०.९०) मा शून्य अन्तःशुल्क कायम गर्दा तयारी पेट बोतल उत्पादन गर्दै आएका स्वदेशी उद्योगहरू आयातित पेट बोतलसँग प्रतिस्पर्धा गर्न सकिरहेका छैनन् । र केही उद्योग लामो समयदेखि लागि बन्द छन् । कतिपय बन्द हुने क्रममा छन् । अतः स्वदेशमै उत्पादन हुने पेट प्रीफर्ममा कायम रहेको ५ प्रतिशत अन्तःशुल्क पूर्ण रूपमा हटाई शून्य कायम गरिदिन अनुरोध गर्दछु ।

सीप स्तरोन्नति तालिम (Skill Upgrading Training- SUT) के हो ? र यसले उद्योगलाई पुग्ने फाइदाहरु

नयाँ प्रविधिको विकास तथा बजारको माग बमोजिम उद्योगहरुमा कार्यरत जनशक्तिको सीप स्तरोन्नति गर्नु पर्ने अवस्था रहेको खण्डमा उद्योग संगठन मोरङले इन्स्योर परियोजनासंगको सहकार्यमा उद्योगको माग बमोजिम के कस्ता विषयमा तालिम आवश्यक रहेको छ सो बमोजिम तालिमको आवश्यक पाठ्यक्रम/मोडयुल निर्माण गरी सो विषयमा दक्ष प्रशिक्षकद्वारा उद्योगहरुको नियमित कामलाई धेरै बाधा नपुग्ने गरी सोहि उद्योगमा वा पायक पर्ने स्थानमा तालिम सञ्चालन गरिन्छ । उद्योगहरुले यस किसिमका तालिम गर्दा आफ्नो उद्योगमा कार्यरत जनशक्तिहरुको सीप अभिवृद्धि भै उद्योगको उत्पादकत्व समेत वृद्धि हुनेछ जसले प्रत्यक्ष रुपमा उद्योगलाई फाइदा पुग्नेछ ।

उद्योग संगठन मोरङद्वारा सञ्चालित सीप स्तरोन्नति तालिमको विवरण

उद्योग संगठन मोरङद्वारा हालसम्म विभिन्न उद्योगमा कार्यरत जनशक्तिका लागि सञ्चालित सीप स्तरोन्नति तालिमहरु ।

क्र. सं.	सञ्चालन गरिएका विषयहरु	तलिम अवधि (घण्टा)	हालसम्म तालिम प्राप्त संख्या
१	PLC Technician	९६	४१
२	Lathe Setter Operator	९६	४९
३	Instrumentation	९६	४१
४	Energy Efficiency Training (Electrical)	४८	६१
५	Jute Weaver	११५	४०
६	Jute Spinner	१०८	४०
७	Jute Batching	१११	२०
८	Variable Frequency Drive (VFD)	८०	८४
९	Computer Network Technician	९६	२०
१०	Industrial Automation	१००	६०
११	Printer Setup and Repair	९६	२०
१२	Plant Maintenance	४८	१५
१३	Industrial Pneumatic System	५०	२०
१४	CCTV Installation & Repair	९६	२०
१५	Carbon Footprint Assessment	२०	१५
१६	Digital Marketing	९६	२०
१७	HMI Programming and Design	९६	२०
जम्मा			**५८६**

तलिममा कसरी सहभागी हुने ?

सीप स्तरोन्नति तालिममा सहभागी हुनको लागि माथि उल्लेखित तालिम मध्ये कुनै विषयमा कम्तिमा पनि २० जना सहभागी संख्या पुगेको अवस्थामा संगठनद्वारा सम्बन्धित विषयको दक्ष प्रशिक्षकद्वारा तालिम प्रदान गरिने छ । माथि उल्लेखित पाठ्यक्रम/मोडयुल भन्दा अन्य विषयमा तालिम सञ्चालन गर्नुपर्ने अवस्था भएमा संगठनद्वारा आवश्यकताको आधारमा उद्योगको माग बमोजिमको पाठ्यक्रम/मोडयुल तयार गरी तालिम सञ्चालन गर्न सकिने छ । यी दुवै प्रक्रियाका लागि संगठनको सीप विकास इकाईमा सम्पर्क गर्नु पर्नेछ । आगामी दिनमा संगठनमा रहेको सीप विकास इकाई मार्फत उद्योगहरुलाई नियमित रुपमा यस किसिमका तालिमको आवश्यकता पहिचान, तालिम प्रदान लगायतका कार्यलाई निरन्तर सहजीकरण गर्ने उद्देश्य बमोजिम तालिममा लाग्ने खर्चको अति न्यून रकम स्वरुप संगठनले प्रति सहभागी रु. ४०००/- तालिम शुल्क का रुपमा लिने व्यवस्था रहेको छ ।

थप जानकारीका लागि :

उद्योग संगठन मोरङ
सीप विकास इकाई, बिराटनगर
सम्पर्क नम्बर: ९८२८०१५९५८/९८०१९७४९६२